नेपाल सरकार
कृषि वन तथा पर्यावरण मन्त्रालय
वन पैदावार विकास समिति
सागरनाथ वन विकास परियोजना
सर्लाही

Email: sagarnathfdp@gmail.com
☎ ९८५४०२०३९९

पत्र संख्याः-(योजना ०८३/८४)
चलानी नं.:- १२२

मिति : २०८३/०५/२२

विषयः- सूचना टाँस गरी जानकारी पठाईदिने बारे।

श्री वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम।
श्री वन पैदावार विकास समिति, केन्द्रिय कार्यालय, ववरमहल, काठमाण्डौ।
श्री प्रदेश वन निर्देशनालय, मधेश प्रदेश, जनकपुरधाम।
श्री जिल्ला प्रशासन कार्यालय, मलंगवा, सर्लाही।
श्री जिल्ला प्रशासन कार्यालय, जलेश्वर, महोत्तरी।
श्री जिल्ला प्रशासन कार्यालय, गौर, रौतहट।
श्री कोष तथा लेखा नियन्त्रणको कार्यालय, मलंगवा, सर्लाही।
श्री डिभिजन वन कार्यालय, लालबन्दी, सर्लाही।
श्री डिभिजन वन कार्यालय, जलेश्वर, महोत्तरी।
श्री डिभिजन वन कार्यालय, चन्द्रपुर, रौतहट।
श्री रतुवामाई वृक्षारोपण आयोजना, केरखा, झापा।
श्री ईश्वरपुर नगरपालिकाको कार्यालय, बयलवास, सर्लाही।
श्री बर्दिवास नगरपालिकाको कार्यालय, बर्दिवास, महोत्तरी।
श्री सागरनाथ वन व्यवस्थापन शाखा, सा.व.वि.प., सर्लाही।
श्री हात्तिलेट वन व्यवस्थापन शाखा, सा.व.वि.प., सर्लाही।
श्री मुर्तिया वन व्यवस्थापन शाखा, सा.व.वि.प., सर्लाही।
श्री वन पैदावार व्यवसायी संघ, सर्लाही।
श्री वन पैदावार व्यवसायी संघ, महोत्तरी।
श्री वन पैदावार व्यवसायी संघ, धनुषा।
श्री वन पैदावार व्यवसायी संघ, रौतहट।

उपरोक्त सम्बन्धमा यस परियोजनाको बार्षिक स्वीकृत कार्यक्रम अनुसार बोलपत्र प्रक्रियाबाट वन पैदावारहरु कटान, मुछान, ढुलान लगायतका कार्य सम्बन्धि मिति २०८३/०५/१९ गते हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिमको विस्तृत सूचना पाना-२(दुई) यसै पत्रसाथ संलग्न राखि पठाईएको छ। सो सूचना प्राप्त भए पश्चात कार्यालयको सूचना पाटीमा टाँस गरी यस परियोजना कार्यालयमा जानकारी पठाईदिनु हुन अनुरोध छ।

..................
खेमलाल विश्वकर्मा
निमित्त परियोजना प्रमुख

## सागरनाथ वन विकास परियोजना, सर्लाही

## बोलपत्र प्रक्रिया द्वारा कटान कार्यको सूचना

**प्रथम पटक प्रकाशित**

**सूचना प्रकाशित मितिः२०८३/०५/१९**

यस परियोजनाको देहायको प्लटका छपान गरिएका मसला प्रजातिका रुखहरु कटान, मुछान, ढुलान, पाईलिङ्ग लगायतका कार्य बोलपत्र प्रक्रियाबाट गराउनु पर्ने भएको हुँदा वन पैदावार उत्पादन (कटान, मुछान, ढुलान आदि) गर्ने उद्देश्यले मू.अ.कर दर्ता प्रमाण-पत्र प्राप्त गरेका फर्म, संस्था वा ठेकेदारहरुले परियोजनाको निर्धारित दररेट भन्दा के कति **घटि** दररेटमा ति कार्यहरु गर्ने हो?, सकार रकमको **३%** ले हुन आउने धरौटि रकम राष्ट्रिय वाणिज्य बैंक लालबन्दि शाखामा रहेको परियोजनाको च.हि.नं. १२८०१००००००१४००१ मा जम्मा गरेको सक्कल बैंक भौचर र फर्म दर्ता/नविकरण गरिएको स्थायी लेखा नम्बर, मू.अ.कर दर्ता प्रमाण-पत्र र **गत आ.व.**को कर चुक्ता भएको प्रमाण-पत्रको प्रतिलिपि अनिवार्य रुपमा संलग्न राखि यो सूचना **"हिमालय टाईम्स" राष्ट्रिय दैनिक पत्रिका**मा प्रकाशित भएको मितिले **३०औं** दिन भित्र सागरनाथ वन विकास परियोजना, सर्लाही वा वन पैदावार विकास समिति, के.का., बबरमहल, काठमाण्डौंबाट रु. **३०००।—(अक्षररुपी तिन हजार रुपैंया) (पछि फिर्ता नहुने गरी)** तिरी बोलपत्र खरिद गरी **३१औं** दिन भित्र कार्यालय समयमा सिलबन्दि बोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**प्लटको विवरणः**

| लट नं. | युनिट | प्लट नं. | रुख संख्या | अनुमानित परिमाण (क्यू.फिट/चट्टा) | | जम्मा इष्टिमेट रकम रु. |
|---|---|---|---|---|---|---|
| | | | | गोलिया/ वल्ली | दाउरा | |
| १. | भक्तिपुर | २१ ए | २७७७ | ३४४४०.१२ | ७७.२० | २३,११,४०२.८८ |
| २. | भक्तिपुर | २१ वि | ३७६१ | ३३३९४.५३ | ८२.२२ | २२,९०,०७६.५४ |
| ३. | भक्तिपुर | २१ सि | ५५३९ | ३९०७७.९४ | १०५.२८ | २७,४०,०१८.२० |
| ४. | भक्तिपुर | २१ डि | ३३९० | ४४३८१.०० | ९२.३१ | २९,३०,९५६.८४ |
| ५ | सागरनाथ | ९ वि | ३३१८ | ३६३२६.८८ | ६१.६१ | २३,०६,४७५.२२ |
| जम्मा | | | १८७८५ | १८७६२०.४७ | ४१८.६२ | १,२५,७८,९२९.६८ |

**शर्तहरुः-**

१. बोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति, समय र स्थानः

**क) अन्तिम मितिः** २०८३/०६/१९ गते सोमबार **ख) समयः** कार्यालय समय भित्र। **ग) स्थानः** सागरनाथ वन विकास परियोजना, सर्लाही वा वन पैदावार विकास समिति बबरमहल, काठमाडौं।

२. बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति, समय र स्थानः

**क) अन्तिम मितिः** २०८३/०६/२० गते मंगलबार **ख) समयः** कार्यालय समय भित्र। **ग) स्थानः** सागरनाथ वन विकास परियोजना, सर्लाही वा वन पैदावार विकास समिति बबरमहल, काठमाडौं।

३. बोलपत्र खोलिने मिति, समय र स्थानः

**क) मितिः** २०८३/०६/२१ गते बुधबार **ख) समयः** दिउसो **१:००** बजे **ग) स्थानः** सागरनाथ वन विकास परियोजना, सर्लाही

४. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्न तोकिएको अन्तिम मितिमा सार्वजनिक बिदा पर्न गएमा सो पछिको कार्यालय खुल्ने मितिमा तोकिएको समयमा हुने छ।

५. बोलपत्र सरोकारवालाहरुको उपस्थितिमा खोलिने छ। सो समयमा बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन।

६. बोलपत्र दाताले आफ्नो फर्म कालोसूचीमा नपरेको स्वयमं लिखितरुपमा घोषणा गरी बोलपत्र साथ पेश गर्नु पर्नेछ। उक्त फर्म कालो सूचीमा परेको पाईएमा सो फर्मको बोलपत्र स्विकृत भएमा पनि जुनसुकै बेला पनि बदर गर्न सकिनेछ।

७. सिलबन्दी बोलपत्र सम्बन्धी कागजातमा बोलपत्रदाताको सहिछाप भएको, सम्बन्धित फर्मको नाममा कार्यालयवाट बिक्री भएको सक्कलै बोलपत्र फाराम नभएको, सिलबन्दी नगरेको र म्याद भित्र दाखिला हुन नआएको तथा सूचनामा तोकिएको जमानत संलग्न नभएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन । साथै पर्न आएका बोलपत्र आंशिक वा पुरै सदर बदर गर्ने अधिकार परियोजनामा निहित रहने छ।

८. सकार गरेको **<u>अंकको ३% प्रतिशतले</u>** हुने धरौटी वापतको रकम लालबन्दी स्थित रा.वा.बैंकमा रहेको परियोजनाको **च.हि.नं. १२८०१०००००१४००१** मा दाखिला गरी सो को सक्कलै बैंक भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट परियोजनाको नाममा जारी गरेको कम्तिमा ६ महिना अवधि कायम रहेको बैंक जमानत (ग्यारेन्टी) पत्र पेश गर्नु पर्नेछ ।

९. वन पैदावार उत्पादन (कटान, मुछान, ढुलान आदि) गर्ने उद्देश्यले दर्ता भएका फर्महरुले फर्म दर्ता/नविकरण, मू.अ.कर दर्ता, र **गत आ.व.** सम्मको कर चुक्ता तथा फर्मदाताको नागरिकताको प्रमाणपत्रहरुको प्रतिलिपिमा अनिवार्यरुपमा बोलपत्र साथ संलग्न राखी पेश गर्नु पर्ने छ ।

१०. बोलपत्रमा सकार गरेको रकम अंक र अक्षर दुबैमा लेख्नु पर्नेछ, अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

११. काठ/दाउरा कटान सम्बन्धि कार्य गर्दा परिचालित कामदारको तिनपुस्ते विवरण यस कार्यालयमा पेश गर्नु पर्नेछ। साथै कटान कार्यमा परिचालित कामदारको जिवन सुरक्षाको जिम्मेवारी प्लट कटान गर्ने ठेकेदारको नै हुनेछ।

१२. वन पैदावार (काठ/दाउरा) संकलन तथा बिक्री वितरण निर्देशिका, २०७३ तथा सम्झौता वमोजिम कटान गरिएका रुखहरु टुनटुका पारी, रिङ्ग काटि, नापसाईज लेखि सबै वन पैदावार कटान गरिएकै दिन कटान प्लटबाट अनिवार्य रुपले ढुवानी गरी तोकिएको स्थानमा घाटगद्दि गर्नु पर्नेछ। उल्लेखित प्लटका लागि खटिएका परियोजनाका कर्मचारी तथा सम्बन्धित व्यवस्थापन शाखाका कर्मचारीहरुको पुर्ण रेखदेख तथा निर्देशनमा कटान, मुछान, नापसाईज लिने, मुढामा ईनामेलले नापि चढाउने आदि कार्य गरी उत्पादित काठ घाटगद्दिसम्म ढुवानी गरी ल्याउनु पर्नेछ र घाटगद्दि क्लियरेन्स नहुँदा सम्म मुढामा भएको लेखाई नबुझिएमा पुनः लेखन समेत बोलपत्र सकार कर्ताले गर्नेछ र ईनामेल, चक, मम चक, मार्कर र रिबन जस्ता कटान गर्दा आवश्यक पर्ने कुराहरु समेत बोलपत्र सकार कर्ताले नै व्यवस्थापन गर्नु पर्ने छ। ग्रेडिङ्ग अनुसार पाईलिङ्ग गर्ने कार्य अनिवार्य गर्नु पर्नेछ।

१३. उक्त प्लटको कटान, मुछान आदि कार्य सम्झौताको म्याद भित्र सम्पन्न गरी सक्नु पर्नेछ। तोकिएको म्याद भित्र कार्य सम्पन्न नगरे नियानुसार भैजाने छ।

१४. काठ/दाउरा कटानको कार्य समाप्त भई सम्बन्धित निकायबाट घाटगद्दी निरिक्षण तथा प्लट क्लियरेन्स प्राप्त भए पश्चात कटान/मुछान तथा संकलन कार्य वापतको अन्तिम भुक्तानी उपलब्ध गराईने छ।

१५. बोलपत्र स्वीकृत भएको जानकारी पठाउनको लागि बोलपत्रदाताले अनिवार्यरुपमा फोन नम्बर, मोबाइल नम्बर, फैक्स नम्बर, इमेल ठेगाना र हुलाकबाट पत्र पठाउने विस्तृत ठेगाना बोलपत्रमा उल्लेख गर्नु पर्नेछ । उक्त ठेगानामा यस कार्यालयवाट पठाइएको जानकारीलाई आधिकारिक भएको मानिनेछ ।

१६. यस सूचनामा नखुलेका कुराहरु प्रचलित कानून वमोजिम हुनेछ।

१७. यस सम्बन्धमा कुनै विवाद परेमा सागरनाथ वन विकास परियोजनाको निर्णय अन्तिम र मान्य हुनेछ।

१८. यस सम्बन्धमा विस्तृत जानकारीको लागी सागरनाथ वन विकास परियोजना, सर्लाही वा वन पैदावार विकास समिति, केन्द्रीय कार्यालय, ववरमहल, काठमाण्डौंमा सम्पर्क गर्न सकिनेछ ।

ईति सम्वत २०८३ साल ०५ महिना २२ गते रोज २ मा शुभम् ...........।

२०८३।०५।२२